त्रिभुवन विश्वविद्यालय,
विज्ञान तथा प्रविधि अध्ययन संस्थान,
डीनको कार्यालय,
परीक्षा शाखा, बल्खु ।

**सेमेष्टर परीक्षा प्रणाली अनुसार स्नातकोत्तर तह २०७७ सालको नयाँ विद्यार्थी भर्ना सम्वन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका केन्द्रीय विभाग, आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार स्नातकोत्तर तह १.कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि २.खाद्य प्रविधि ३.गणित ४.भूगर्भ शास्त्र ५.Engineering Geology ६.माइक्रोवायोलोजी ७.जल तथा मौसम विज्ञान ८.वातावरण विज्ञान ९.वनस्पति शास्त्र १०.Biodiversity and Environmental Management ११.प्राणी शास्त्र १२.रसायन शास्त्र १३.भौतिक शास्त्र १४.जैविकप्रविधि १५.तथ्यांक शास्त्र १६.Environmental Health in Disaster १७.Master in data Science विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको लागि २०७७ सालको नयाँ बिद्यार्थी भर्नाको कार्यक्रम मिति २०७७ साल चैत्र ३१ गते प्रकाशित गरिएकोमा प्रवेश परीक्षाको आवेदन फाराम Online माध्यमद्वारा **रु.१५००।- (एक हजार पाँच सय मात्र)** शुल्क तिरी बुझाउन सकिने छ ।

**१. आवेदन प्रकृया :**

**(क)** http://mscentrance.tuiost.edu.np मा रहेको Registration link द्वारा Online माध्यमबाट आवेदन फाराम भर्न सकिने छ ।

**(ख)** अनलाईन फाराम भर्दा विद्यार्थीहरुले website मा दिइएको Instruction अनुसार पासपोर्ट साइज फोटो, बैंक भौचर, विद्यार्थीको हस्ताक्षर (png फाइल), SLC/SEE, +2/I.Sc.Transcript, Bachelor's Transcript/Marksheets र equivalence (आवश्यक भएमा) इत्यादी स्क्यान गरी JPEG बनाई राख्नु पर्ने छ । अनलाईनमा upload गर्नु पर्ने सामाग्रीहरु तयार भए पश्चात मात्र अनलाईन फाराम भर्न सूचित गरिन्छ ।

**(ग)** बैंक भौचरमा विद्यार्थीले आफ्नो नाम, मोवाइल नम्वर भर्ना हुन चाहेको प्रोग्रामको नाम (जस्तै M.Sc.Botany ) स्पष्ट रुपले लेखिएको हुनु पर्ने छ ।

**(घ)** विद्यार्थीले परीक्षा दिन चाहेको केन्द्र तोक्नु पर्ने छ ।

**(ङ)** स्नातक तहको ट्रान्सकिप्ट नभएको अवस्थामा सबै वर्षको सबै मार्कसिटहरु अपलोड गर्नु पर्ने छ ।

**(च)** आवेदन पश्चात Confirmation Page डाउनलोड गरी विद्यार्थीले Reference Number पाउनेछन्, जसको प्रयोग गरी आफ्नो आवेदनको अवस्था बुझ्न सकिनेछ ।

**(छ)** विद्यार्थीले आफ्नो आवेदनको अवस्था समय-समयमा चेक गर्नु पर्ने छ । सुरुमा आवेदन 'Pending'मा रहने छ । चेक जाँच पश्चात 'Approve' भए पछि विद्यार्थीले आफ्नो प्रवेशपत्र डाउनलोड गर्न सक्नेछन् । उक्त प्रवेशपत्रलाई विद्यार्थीले आँफै Color Print गरी आफुले तोकेको परीक्षा केन्द्रमा गई प्रवेश परीक्षा दिनु पर्ने छ ।

**(ज)** प्रवेश परीक्षा दिन परीक्षा केन्द्र जाँदा बैंक भौचरको सक्कल प्रतिलिपि बुझाउनु पर्ने छ ।

२. **आवेदनको लागि न्यूनतम योग्यताः** त्रि.वि. वा त्यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक तह (B.Sc.) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ । सम्बन्धित केन्द्रीय विभाग/स्कूलको webpage बाट न्युनतम योग्यता सम्बन्धी विस्तृत जानकारी हेर्न सकिने छ ।

३. **आवेदन फाराम बुझाउने अन्तिम मितिः** २०७८ साल बैशाख २८ गते सम्म ।

४. **दोव्वर दस्तुर तिरी** २०७८ साल जेठ २ गते सम्म ।

५. **प्रवेश परीक्षा :** २०७८ साल जेठ ८ गते शनिबार ।

६. **प्रवेश परीक्षा हुने समय र परीक्षा केन्द्रः** पछि तोकिने छ ।

७. **प्रवेश पत्रः** प्रवेश पत्र सम्बन्धित विद्यार्थीले Color Print गर्नु पर्ने छ ।

८. प्रबेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा B.Sc वा सो सरहको सम्बन्धित विषयको पाठ्यक्रमको आधारमा दुई घण्टाको परीक्षा हुनेछ ।

- प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।
- प्रवेश परीक्षाको नमूना प्रश्नपत्र सम्बन्धित केन्द्रीय विभागको webpage बाट हेर्न सकिने छ ।

९. केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुमा निर्धारित भर्ना कोटा मध्ये २० प्रतिशत विद्यार्थी समावेशी आधारमा र ८० प्रतिशत खुल्ला प्रतिस्पर्धावाट भर्ना लिइने छ । समावेशी फारम भर्ना आवेदनको सूचना सँगै उपलब्ध गराइनेछ ।

१०. तोकिएको समावेशी कोटामा भर्ना हुन नआएमा स्वतः खुल्ला प्रतिस्पर्धाद्वारा भर्ना लिईने छ ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका बुँदाहरु "त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम २०७४" बमोजिम हुने छ ।

मिति : २०७८।०१।०९

सहायक डीन